<u>बैठक संख्या: १२</u>

आज मिति २०८०।०२।२४ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरू गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री राकेश पाण्डे | सदस्य-सचिव |

बैठक मिति :२०८०।०२।२४

<u>निर्णयहरु</u> :

१. बजेट सिमा सम्वन्धमा ।

संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान,राजश्व बाँडफाँडबाट प्राप्त रकम र नगरपालिकाको अनुमानित आन्तरिक श्रोतको आधारमा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको यस नगरपालिकाको आगामी आ.व.२०८०।०८१ को अनुमानित श्रोत तथा बजेट सिमामा आवश्यक संसोधन एवं परिमार्जन गरी देहायबमोजिम कुल जम्मा रु. ४६ करोड श्रोत अनुमान गरि निम्नानुसार विषयक्षेत्रगत बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो। साथै निर्धारित सिमाभित्र रही बजेट तथा कार्यक्रम तर्जुमाको लागि विषयगत शाखा र वडा कार्यालयहरुलाई मार्गदर्शन सहित सिलिङ्ग प्रदान गर्ने निर्णय गरियो।

<u>तपसिल</u> :

| | |
|---|---|
| १. चालु तथा प्रशासनीक तर्फ | १२ करोड |
| २. शिक्षा तर्फ | ८ करोड ३२ लाख |
| ३. स्वास्थ्य तर्फ | ३ करोड ५० लाख |
| ४. कृषी तर्फ | १ करोड |
| ५. पशु सेवा तर्फ | ५० लाख |
| ६. सामाजिक विकास | ५५ लाख |
| ७. संघ तथा प्रदेश समपुरक | ४ करोड |
| ८. नगर स्तरीय विविध योजना तथा कार्यक्रम | १ करोड |
| ९. पूर्वाधार विकास तर्फ | ५० लाख |
| १०. नगरपालिका प्रशासकीय भवन | १ करोड |
| ११. वडा स्तरीय योजना | ९ करोड ३५ लाख |
| १२. नगर स्तरीय योजना तर्फ | २ करोड १० लाख |
| १३. कोष तर्फ | ९५ लाख |
| १४. आर्थिक विकास तथा राजश्व [illegible] स्थापन तर्फ | २३ लाख |
| १५. बहुवर्षिय योजना | १ करोड |

बहुवर्षिय योजना तर्फ १ पटकलाई हालसम्म तर्जुमा भईसकेको योजनाको लागि मात्र दामासाहीको हिसावले रकम विनियोजन गर्ने निर्णय गरियो ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

बैठक मिति :२०८०।०२।२४

२. वरगदवा इतराजको घरदेखि लालाको घरसम्म आर.सि.सि.योजना सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत ४ नं. वडाको वडास्तरीय योजना वरगदवा इतराजको घरदेखि लालाको घरसम्म आर.सि.सि. शिर्षकमा बजेट रु.९ लाख स्वीकृत भई उक्त सडक अन्तर्गत आर.सि.सि. नाली तथा सडक पि.सि.सि. गर्ने कार्य सम्पन्न भई उपभोक्ता समितिबाट रकम भुक्तानी माग भएकोमा आगामी नगरसभाबाट उक्त योजना संसोधन गरी संसोधन पश्चात उक्त योजनाको रकम भुक्तानी दिने निर्णय गरियो ।

३. सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।

चालु आ.व.२०७९।०८० को तेस्रो त्रैमासिकमा वडा नं.१० का ८२२ जना लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न आवश्यक पर्ने रकम रु.४३,१०,५९७। सम्वन्धित माछापुछ्रे बैङ्कमा निकासा पठाउनु पर्नेमा उक्त बैङ्कमा पहिलो र दोस्रो त्रैमासिक भत्ता वितरण गरी बाँकी रहेको रकम रु.६२,७६८।घटाई रकम रु.४२,४७,८२९।मात्रै उक्त बैङ्कमा निकासा पठाईएकोमा बैङ्कले पहिलो र दोस्रो त्रैमासिकमा वितरण गरी बचत रहेको रकम रु. ६२,७६८। नगरपालिकालाई नै फिर्ता पठाएको कारण भत्ता वितरणको लागि रकम अपुग देखिएकोले बैङ्कले फिर्ता पठाए बराबरको रकम रु. ६२,७६८। उक्त बैङ्कमा पु:न निकासा पठाउने निर्णय गरियो ।

४. झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम अन्तर्गतको योजना कार्यान्वयन सम्वन्धमा ।

चालु आ.व.२०७९।०८० मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(शसर्त अनुदान) अन्तर्गत देवीपुर डगडै सुरही खोला, सिमरी सुवरबरहा बेल नदी,सडवा इस्लामनगर कंचनिहा खोलामा झोलुङ्गे पुल निर्माणको लागि बजेट रु.३५ लाख विनियोजन भएकोमा उल्लेखित रकमबाट तिन वटै नदीमा झोलुङ्गे पुल निर्माण गर्न बजेट अपुग हुने हुँदा सिमरी सुवरबरहा बेल नदीमा झोलुङ्गे पुल निर्माणको लागि डि.पि.आर. समेत तयार भई सकेकोले विनियोजित रकमबाट उक्त स्थानमा झोलुङ्गे पुल निर्माण गर्ने निर्णय गरियो ।

५. करारमा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि संसोधन सम्वन्धमा ।

शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधिलाई केही आवश्यक संसोधन तथा थप गर्न सुशासन तथा संस्थागत विकास समितिबाट पारित भई आएको शिवराज नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि(दोस्रो संसोधन),२०८० स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

बैठक मिति :२०८०।०२।२४

६. १ नं. वडा कार्यालय भवन निर्माण सम्वन्धमा ।

यस नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयबाट उक्त वडा कार्यालयको नाममा साविक छो भगवापनुर ७/ख अन्तर्गत दर्ता कायम रहेको कित्ता नं.५२६ को जग्गा सँग सटेको वडा कार्यालयले विगत ३२ वर्षदेखि दिवाल पर्खाल लगाई भोगचलन गर्दै आईरहेको सार्वजनिक जग्गा मध्ये पूर्व दक्षिण तर्फ बाटो र कुलोमा बाधा नपर्ने गरी वडा कार्यालय भवन निर्माणको लागि अनुरोध भई आएको हुँदा उक्त जग्गामा उपभोक्ता समिति मार्फत वडा कार्यालय भवन निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

७. विभिन्न अनुदान सम्वन्धमा ।

क. चालु आ.व.२०७९।०८० को पशु विकास तर्फ गाई भैंसी सुत्केरी खर्च शिर्षकमा स्वीकृत रकम रु.२ लाखबाट सुत्केरी खर्चको लागि निवेदन दिएका ८९ जना कृषकका १७३ पशुलाई प्रति पशु रु.१,०००।को दरले सुत्केरी खर्च वापत अनुदान उपलब्ध गराउने निर्णय गरियो।

ख. चालु आ.व.२०७९।०८० को पशु विकास तर्फ पशु आहार कार्यक्रम शिर्षकमा स्वीकृत रकम रु.१० लाखबाट अनुदान प्राप्तीको लागि निवेदन दिएका १८९ जना कृषकले ५२९ कठ्ठा जग्गामा घाँस छरे वापत प्रति कठ्ठा रु.१,५००।को दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

ग. चालु आ.व.२०७९।०८० को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत नवीकरणीय उर्जा प्रविधि जडान शिर्षकमा रु.८ लाख बजेट विनियोजन भएकोमा नगरक्षेत्रभित्रका कृषकहरुलाई प्रति गोवर ग्याँस निर्माणको लागि रु.२४ हजारको दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो।

८. २ नं. वडा कार्यालयमा ईलेक्ट्रिक स्कुटर खरिद सम्वन्धमा ।

चालु आ.व.२०७९।०८० मा वडा नं.२ को वडा स्तरीय योजना अन्तर्गत वडामा सूचनाको प्रभावकारी प्रचारप्रसारको लागि वडा कार्यालयलाई इलेक्ट्रीक स्कुटी खरिद शिर्षकमा बजेट रु.१,३०,०००। विनियोजन भएकोमा विनियोजित रकमबाट इलेक्ट्रिक स्कुटी खरिदको लागि रकम अपुग हुने देखिएकोले सोही वडाको वडा स्तरीय वडा कार्यालय व्यवस्थापन शिर्षकमा स्वीकृत रकमबाट ईलेक्ट्रिक स्कुटी खरिदको लागि नपुग हुने रकम रु.३५,०००। रकमान्तर गरी जम्मा रु.१,६५,०००।बाट इलेक्ट्रिक स्कुटी खरिद गर्ने निर्णय गरियो।

९. पूर्णखोप सुनिश्चितता तथा दिगोपना सम्वन्धमा ।

हरेक वर्ष यस नगरपालिका भित्र रहेका १६ देखि २३ महिना भित्रका सम्पूर्ण बालबालिकाहरुले नेपाल सरकारले दिएको तालिका अनुसार पूर्णखोप लगाएकोमा सो को घरधुरी सर्वेक्षण गरी वडाबाट प्रमाणिकरण समेत भईसकेकोले यस नगरपालिकाको नियमित खोपको पूर्ण सुनिश्चितता तथा दिगोपना कायम भएको निर्णय गरियो ।

निर्णय प्रमाणित

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

बैठक मिति :२०८०।०२।२४

१०. स्वयमंसेवक शिक्षकको विज्ञापन सम्वन्धमा ।

यस नगरपालिका भित्रका विभिन्न सामुदायिक विध्यालयहरुको माध्यामिक तहमा रिक्त स्वयमंसेवक शिक्षक पदपूर्तीको लागि पटक पटक विज्ञापन गर्दा समेत आवश्यक संख्यामा अध्यापन अनुमती पत्र प्राप्त उम्मेद्धारहरुको दरखास्त नपरेकोले नगरपालिकाले स्वीकृत गरेको दरवन्दी संख्यामा स्वयंसेवक शिक्षक पदपूर्ती हुन नसकी विध्यालयको पठन पाठनमा कठिनाई भएको हुँदा माध्यमिक तहका सबै विषयमा अध्यापन अनुमती पत्र अनिवार्य नगरी स्वयमंसेवक शिक्षकको विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

११. सडक गुरुयोजना निर्माणको रकम भुक्तानी सम्वन्धमा ।

गत आ.व.२०७८।०७९ मा यस नगरपालिका अन्तर्गत वडा नं.९ र १० का विभिन्न सडकहरुको गुरुयोजना निर्माण वापत भुक्तानी गर्नुपर्ने रकम बजेट अपुग भई भुक्तानी हुन नसकेको हुँदा उक्त रकम रु.१७,४३,७६७। चालु आ.व.२०७९।०८० को भुक्तानी बाँकी सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

१२. सेवा परामर्शको रकम भुक्तानी सम्वन्धमा ।

यस नगरपालिकाको प्रशासकीय भवन लगायत अन्य विवाद सामाधान गर्ने नगरपालिकाको तर्फबाट बहस पैरवी लगायतको कार्यमा खटिई कार्यालयको पक्षमा वकालत गर्ने जनसेवा बकिलको कार्यालयलाई गत आ.व.२०७८।०७९ को भुक्तानी गर्न बाँकी रकम रु.१,४२,०००।भुक्तानी गर्ने निर्णय गरियो ।

१३. जवाभारी चोकदेखि लक्ष्मणपुर जाने सडकमा कल्भर्ट निर्माण सम्वन्धमा ।

यस नगरपालिका अन्तर्गत वडा नं.७ को जवाभारी चोकदेखि लक्ष्मणपुर जाने सडकमा तत्काल कल्भर्ट निर्माण नगरेमा वर्षायाममा उक्त क्षेत्रका विध्यार्थि तथा स्थानीय नागरिकहरुको आवत जावत नै बन्द हुने अवस्था देखिएकोले उक्त स्थानमा विभिन्न शिर्षकहरुबाट गरी कुल जम्मा रु.१३ लाख लागतमा उपभोक्ता समिति मार्फत कल्भर्ट निर्माण कार्य गर्ने निर्णय गरियो ।

राकेश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश